प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. : २०८१/०८२

च.नं. :

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

मितिः२०८१।०५।०६

११४४ गुँलागा ३ बिहिवार

**विषयः निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।**

नेपालको संविधान जारी भएको दिन असोज ३ गते मनाइने संविधान दिवसको अवसरमा यस वर्ष तपशिल बमोजिमको निबन्ध प्रतियोगिता गर्ने कार्यक्रम तय भएको हुँदा उक्त प्रतियोगितामा भाग लिन चाहने इच्छुक विद्यार्थीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. निबन्धको विषय :- **'नेपालको संविधान र संघीयता कार्यान्वयनमा प्रदेशको भूमिका"**

२. निबन्ध बढीमा एक हजार शब्दको हुनुपर्नेछ ।

३. निबन्ध स्पष्ट बुझिने गरी नेपाली भाषामा लेखिएको हुनुपर्नेछ (हस्तलिखित वा टाइप दुवैलाई मान्यता दिइनेछ)।

४. रचना मौलिक हुनुपर्नेछ। रचना मौलिक हो भन्ने कुरा अनिवार्य रुपमा विद्यालय/कलेजले प्रमाणित गरी पठाउनु पर्नेछ।

५. निबन्ध यही मिति २०८१ भाद्र २५ गतेभित्र मन्त्रालयको पत्रचार ठेगानः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर वा इमेल ठेगानाः info.moial@koshi.gov.np मा आइपुग्ने गरी पठाउनु पर्नेछ (भाद्र २५ गते पछि आएको निबन्धलाई प्रतियोगितामा समावेश गराइने छैन) ।

६. निबन्ध प्रतियोगितामा कक्षा ९ देखि स्नातक तहसम्म अध्ययन गरिरहेका विद्यार्थीहरूले भाग लिन सक्नेछन।

७. निबन्ध प्रतियोगितामा उत्कृष्ट निबन्धहरूलाई प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार दिइनेछ।निबन्ध पछि जर्नलमा समेत प्रकाशन गरिनेछ ।

**नोटः** थप जानकारीको लागि यस मन्त्रालयका अधिकृत आठौं श्री सदानन्द भट्टराई (मो.नं. ९८४१५९४९९३) संग सम्पर्क राख्न सकिनेछ ।

...............................

कमल बहादुर थापा

नि. प्रदेश सचिव

नि. प्रदेश सचिव